# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नेचासल्यान गाउँपालिका

## सोलुखुम्बु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नेचासल्यान गाउँपालिका

## सोलुखुम्बु




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## नेचासल्यान गाउँपालिका

## सोलुखुम्बु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**कोशी प्रदेश**

पत्र संख्याः २०७९/८०
च.नं. ११३

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
नेचासल्यान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियतसहितको राय-** हामीले नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ५ करोड ६८ लाख ९० हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. १ करोड १६ लाख ९२ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २० लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३५ लाख ४९ हजार र पेश्की रु. १ करोड ९१ लाख २८ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ७ करोड ३२ लाख ४२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ११ करोड ८३ लाख ८० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## नेचासल्यान गाउँपालिका, सोलुखुम्बु
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ७० | ५६८९० | ० | १७ | ११६९२ | ४० | ५३ | ४५१९८ | ४८७ | १३५४९ | १२०३४ | ० | ० | २५५८३ | १९१२८ |

## प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३६ | ९ जनाको पारिश्रमिक कर असुल भई आएको | ४०४४३ |
| २ | ४० | लेखनाथ बास्तोलाको बढी भुक्तानी असुल भई आएको | ४०६७ |
| ३ | ४२ | ५ जनाको बढी भ्रमण खर्च असुल भई आएको | ६७२० |
| ४ | ४७.३ | बढी अंक लेखिएको बेरुजुको प्रमाण पेश | ११६४०८९० |
| **जम्मा रु.** | | | **११६९२१२०** |

## अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | ७३२४२ | ० | ६० | ७३१८२ | ० | ४५१९८ | ११८३८० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : नेचासल्यान गाउँपालिका, सोलुखुम्बु ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शालिकराम बस्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चुडामणि घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४५,१९८,५४२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,९६,४६,५३४.८८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,५२,६२,४१९ | **चालु खर्च** | २४,८६,४९,२६७ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५०,२४,२७९ | **पूँजीगत खर्च** | १७,६३,११,०५९ |
| **राजश्व बाँडफाँट** | ४,७१,१२,१८७.८९ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ४६,२३,९१६.२५ | | |
| **अन्य आय** | ० | | |
| **कुल आय** | ३९,२०,२२,८०२.१४ | **कुल खर्च** | ४२,४९,६०,३२६ |
| **बाँकी मौज्दात** | | २,२१,५०,११६.१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नेचासल्यान गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ६७.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ५२५ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४७,२२,४५,००० | ३९,६१,६८,५५३.१४ | | ३९,६१,६८,५५३.१४ | ३,७४,५५,८३१.६० | | ३,७४,५५,८३१.६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४५,७२,४५,००० | ३९,२०,२२,८०२.१४ | ० | ३९,२०,२२,८०२.१४ | ३,०५,८२,१७५.७५ | ० | ३,०५,८२,१७५.७ |
| ११००० कर | ११ | ६,०४,३२,००० | ५,१७,३६,१०४.१४ | ० | ५,१७,३६,१०४.१४ | ४,५८,२७,२२६.७५ | ० | ४,५८,२७,२२६.७ |
| १३००० अनुदान | | ३९,६८,१३,००० | ३४,०२,८६,६९८ | ० | ३४,०२,८६,६९८ | (१,५२,४५,०५१) | ० | (१,५२,४५,०५ |
| संघीय सरकार | १२ | ३७,७५,३२,००० | ३२,५२,६२,४१९ | ० | ३२,५२,६२,४१९ | (१,५१,४५,०५१) | ० | (१,५१,४५,०५ |
| प्रदेश सरकार | १२ | १,९२,८१,००० | १,५०,२४,२७९ | ० | १,५०,२४,२७९ | (१,००,०००) | ० | (१,००,०० |
| ख. अन्य प्राप्ति | | १,५०,००,००० | ४१,४५,७५१ | | ४१,४५,७५१ | ६८,७३,६५५.८५ | | ६८,७३,६५५.८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | |
| कोषहरु | | १,५०,००,००० | २३,०८,५५८ | ० | २३,०८,५५८ | ४१,००,००० | ० | ४१,००,०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | १८,३७,१९३ | ० | १८,३७,१९३ | २७,७३,६५५.८५ | ० | २७,७३,६५५.८५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५४,८२,२६,००० | ४२,८२,०८,८७५ | | ४२,८२,०८,८७५ | ३७,३६,१३,२७१.६६ | | ३७,३६,१३,२७१.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५३,३२,२६,००० | ४२,४९,६०,३२६ | | ४२,४९,६०,३२६ | ३६,८८,५२,७३४.६६ | | ३६,८८,५२,७३४.६६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,७९,१५,००० | १७,१४,७६,९१८ | ० | १७,१४,७६,९१८ | १५,००,७८,१११ | ० | १५,००,७८,१११ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,१६,४४,००० | ५,११,७७,२२३ | ० | ५,११,७७,२२३ | ५,५२,८८,४७९ | ० | ५,५२,८८,४७९ |
| २५००० सहायता (Subsidy) | १८ | २,५३,४३,००० | १,५०,७२,५५१ | ० | १,५०,७२,५५१ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,०१,३५,००० | ६४,६१,०६२ | ० | ६४,६१,०६२ | २८,५६,३१० | ० | २८,५६,३१० |
| २८००० अन्य खर्च | १८ | ४७,५०,००० | ४४,६१,५१३ | ० | ४४,६१,५१३ | ३१,१४,५८७ | ० | ३१,१४,५८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,३४,३९,००० | १७,६३,११,०५९ | ० | १७,६३,११,०५९ | १५,७५,१५,२४७.६६ | ० | १५,७५,१५,२४७.६६ |
| घ. अन्य भूक्तानी | | १,५०,००,००० | ३२,४८,५४९ | | ३२,४८,५४९ | ३७,३६,१३,२७१.६६ | | ३७,३६,१३,२७१.६६ |
| कोषहरु | | १,५०,००,००० | ६,५२,७२२ | ० | ६,५२,७२२ | ३२,९१,४४२ | ० | ३२,९१,४४२ |
| धरौटी | | ० | २५,९५,८२७ | ० | २५,९५,८२७ | १४,६९,०९५ | ० | १४,६९,०९५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,५९,८१,०००) | (३,२०,४०,३२१.८६) | | (३,२०,४०,३२१.८६) | (३३,६१,५७,४४०.०६) | | (३३,६१,५७,४४०.०६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,८८,३७,९७६.८८ | | ५,८८,३७,९७६.८८ | ४,६०,४७,२५२.४४ | | ४,६०,४७,२५२.४४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,५९,८१,०००) | २,६७,९७,६५५.०२ | | २,६७,९७,६५५.०२ | (२९,०१,१०,१८७.६२) | | (२९,०१,१०,१८७.६२) |
| बैंक तथा नगद बाकी | २४ | | २,६७,९७,६५५.०२ | | २,६७,९७,६५५.०२ | ६,०९,०६,५३५.५७ | | ६,०९,०६,५३५.५७ |

३

**थप वित्तिय विवरण**

पालिकालाई संघिय ससर्त तर्फबाट प्राप्त निम्नानुसारको रकम समेतको लेखापरीक्षण सम्पन्न भएको छ ।

| ब.उ.सि.नं. | कार्यक्रमको नाम | बजेट | निकासा खर्च रकम |
|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ६०९०५५४४।०० | ६०९०५५४४।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा जिन्सी सामानको लगत तयार गर्नुपर्ने नियम ९६ मा मुल्य कायम गरी राख्नुपर्ने नियम ९९ मा जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन। पालिकाले पाम्स (PAMS) मा जिन्सी अभिलेख राखेता पनि वडा कार्यालय तर्फ खरिद गरिएका जिन्सी सामाग्रिको अभिलेख पाम्स (PAMS) मा राखेको पाइएन। पालिका तथा वडा कार्यलय मा अलग अलग जिन्सी खाता राख्ने गरेको पाइयो। अत सवै जिन्सी सामाग्रिहरुको पाम्स (PAMS) मा एकिकृत जिन्सी अभिलेख राख्नु पर्दछ र लिलाम तथा मर्मत गर्नुपर्ने जिन्सी सामानको नियमावली ले तोके वमोजिम लिलाम मर्मत गर्नु पर्दछ। | |
| ५ | | | **सम्पति उपयोग र संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका अन्तर्गतका सबै सम्पत्तिहरुको नेपाल सरकारबाट स्वीकृत ढाँचामा (PAMS) मा अभिलेख गरी अद्यावधिक गरेको पाइएन । पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नराखेको साथै ♣सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गरेको छैन। सार्वजनिक, पर्ति ऐलानी, जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको सम्वन्धमा अनुगमन भएको पाइएन। ऐन बमोजिम सम्पत्ति व्यवस्थापन कार्य हुनुपर्दछ । | |
| ६ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>· गाउँपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता राखेको पाईएन<br>· गाउँपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>· गाउँपालिकाले जिन्सी निरिक्षण गरेको पाईएन<br>· कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन<br>· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको पाइएन<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गर्ने गरेको पाइएन<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन नभएको<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु अद्याबधिक गरेको पाइएन<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन<br>• पालिकाले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे को पाइएन<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटि अन्त्य गर्नु पर्दछ<br>· सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको पाइएन<br>· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।<br>· गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन ।<br>· भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिम कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन ।<br>· सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकाले वेरुजुको लगत अद्यावधिक गरेको पाइएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रवधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नु पर्दछ। | |
| ७ | | | **कानून निर्माण तथा कार्यन्बयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था भएकोमा लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार पालिकाले हाल सम्म २० ऐन ४ नियमावली ४० कार्यविधि १ मापदण्ड १आचारसंहिता १ निति निर्माण भइ कार्यान्वयनमा ल्याएको छ। | |
| ८ | | | **न्याय सम्पादन प्रकृया**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा न्याय सम्पादन सम्बन्धि विवरण माग गरेको मा विवरण पेश भएन। न्याय सम्पादन प्रकर्यालाइ ऐनले तोकेको म्यादभित्र फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ९ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु४२४५८९१। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले कानूनी व्यवस्था नगरि विमारी उपचार , बाडी पहिरो ,आगलागि लगायतको लागि आर्थिक सहायता बापत रु २५०००००।खर्च गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजजम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कायिरत प्रत्येक कर्मचारीले खाई पाइ आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले वित्तीय समानीकरण अनुदानको रकम समेतबाट कर्मचारी कल्याण कोषमा जम्मा रू १५ लाख ट्रान्सफर गरेको छ । कोषको सञ्चालन सम्बन्धी काननुको व्यवस्था भएको छैन । कानुनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन । यस्तो कार्य कानूनद्वारा व्यवस्थापन गर्नुपर्दछ । | |
| १२ | | | **अभिलेख व्यवस्थापन** | |
| १२.१ | | | ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्नेमा सो अनुसारको अभिलेख तयार गरी राखेको पाईएन । | |
| १२. | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | अभिलेख व्यवस्थित गरी राखेको पाईएन । | |
| १३ | | | **जिन्सी सहायक खाताः**<br>महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७६/७७,च नं १,मिति २०७६/४/1 को पत्र अनुसार माननीय महालेखापरीक्षक ज्यू बाट स्वीकृत भएका म ले प फारमहरु प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम कार्यालयले म ले प फारम ४१२ बमोजिमको ढाँचामा मालसामान बुझिलिने र बुझाउनेको नाम र दस्तखत, मालसामानको नाम, परिमाण, स्पेशिफिकेशन, सामानकको पहिचान नं, मोडल नं, सामान बुझाएको र फिर्ता गरेको मिति र मुल्य समेत खुलाइ जिन्सि सहायक खाता राख्नुपर्ने व्यवस्था छ। पालिका ले जिन्सि सहायक खाता राखेको पाइएन। तोकिएको ढाँचामा जिन्सि सहायक खाता राख्नु पर्दछ। | |
| १४ | | | **संगठन संरचना /दरवन्दी पदपुर्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण मा प्राप्त विवरण अनुसार जम्मा ४२ दरवन्दि मा २७ पदपूर्ति र १५ रिक्त देखिएको मा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। स्वास्थ्य तर्फको कर्मचारी दरवन्दि तथा पदपुर्ति विवरण पेश भएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ। | |
| १५ | | | **तलवी प्रतिवेदनः**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७८।७९ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु.१३०८५६८३/- खर्च लेखेको पाइयो । स्वास्थ्य तर्फका कर्मचारीको समेत तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाइयो तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| १६ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि ५८ जना कर्मचारी करारमा राखि रु. | १,७१३,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १४६२०९१५। खर्च लेखेको पाइयो। त्यसैगरी सोही ऐनको २०७४कोदफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ। स्थानीय तहले माथिउल्लेखित पदवाहेकको १ सहायक कम्प्युटर अपरेटर, २ सामाजिक परिचालक, १ अमिन, १ खेलकुद प्रशिक्षक, १ कानुनी सल्लाहकार गरि ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१७१३७९०। भुक्तानी गरेकोले अनियमित देखिएको रु. | |
| १७ | | | **कानून**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था बमोजिम भत्ता दिंदा सम्बन्धित कानून बनाएको पाइएन। | |
| १८ | | | **विवरण तयारी** | |
| १८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गर्नुपर्नेमा पालिकाले आय व्ययका खर्च शिर्षकमा फरक गरि खर्च लेखाङ्कन गर्ने गरेको र विपद व्यवस्थापन कोषलाई सुत्रमा समावेश गरेको पाइएन । | |
| १८.२ | | | स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । | |
| १९ | | | **अनुदान उपयोग अवस्था** | |
| १९.१ | | | पालिकालाई प्राप्त हुनु पर्ने समानिकरण अनुदानको पहिलो किस्ता २०७८।६।१० मा मात्र प्राप्त भई क्रमश २०७८।१०।२५, २०७९।०१।९ र २०७९।३।२२ मा चौथो किस्ता निकासा प्राप्त गरेकोले तोकिएको अवधिभित्र समानीकरण अनुदान (26331): प्राप्त नहुदा खर्चको आवश्यकता र स्रोत परिचालनको क्षमतामा प्रभाव पर्न गरएको छ । | |
| १९.२ | | | प्रदेश समपुरक अनुदान कार्यविधि बमोजिम स्थानीय तहले स्विकृत योजना तथा कार्यक्रममा ३० प्रतिशत थप गरी कार्यक्रम संचालन गर्नुपर्नेमा थप नगरी ठेक्का पट्टा गरेको र बांकि रहेको रकमवाट पुन ठेक्का पट्टा कार्य संचालन गरेकोले प्रदेश समपुरक अनुदान कार्यविधिको पालना भएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.३ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फिर्ता गर्नुपर्नेमा पालिकाले संघिय तर्फको रु.३९५२०५८१।- र प्रदेश सरकार तर्फको १७७९२१।- मिति २०७९।४।२२ मा मात्र सम्बन्धित निकायमा फिर्ता पठाएको छ । | |
| २० | | | **रकमान्तर तथा प्रगती अवस्था** | |
| २०.१ | | | स्थानीय क्षेत्रगत बजेट , सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्नेमा पालिकाले वडा समितिको निर्णय अनुसार खर्च हुने उल्लेख गरि ५ वटा वडाको लागि योजना र कार्यक्रम उल्लेख नगरि रु. ६८०००००।- विविध शिर्षकमा बजेट अवण्डा राखी पारित गरेको पाइयो । | |
| २०.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तरको व्यवस्था छ । कार्यालयले सभाावाट पारित वजेट मध्ये चालु तर्फका ९ शिर्षकवाट १८ शिर्षकमा रु.६४५००००।- तथा पुँजिगत तर्फ २० शिर्षकवाट १०१ शिर्षकमा रु.३१२८६०००।- (१९.६० प्रतिशत) रकमान्तर गरि योजना तथा कार्यक्रम थप गरि खर्च गरेको छ । | |
| २०.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नु पर्नेमा सो अनुसार गरेको देखिएन । | |
| २०.४ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाइएन । | |
| २१ | | | **कोभिड १९ तर्फ** | |
| २१.१ | | | कार्यालयलाई कोभिड -१९ रोकथाम तथा नियन्त्रण कार्यमा निम्नानुसार आय-व्यय भएको विवरणबाट देखिएको छ । | |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गत वर्षको अल्या</td><td>८०८५५८।-</td><td>अग्रपंङ्तिमा खटिने कर्मचारी खाजा खर्च</td><td>३२८४०।-</td></tr>
<tr><td>अन्य विपत आय</td><td>७९७०८।-</td><td>ढुवानी तथा गाडिभाडा</td><td>४२१००।-</td></tr>
<tr><td>नेपाल सरकार वाट प्राप्त प्रभावित राहत</td><td>२७८००००।-</td><td>अस्पताल सामाग्री खरिद</td><td>३४९६०।-</td></tr>
<tr><td></td><td></td><td>औषधी खरिद</td><td>४८६९२२।-</td></tr>
<tr><td></td><td></td><td>अक्सीजन रिफिल खर्च</td><td>२५१००।-</td></tr>
<tr><td></td><td></td><td>राहत अनुदान खर्च गरी फिर्ता</td><td>२७८००००।-</td></tr>
<tr><td></td><td></td><td>खोप सेवा संचालन यातायात खर्च</td><td>१५५८३६।-</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>१५५८३६।-</td></tr>
<tr><td>जम्मा</td><td>३५६८२६६।-</td><td>जम्मा</td><td>३५६८२६६।-</td></tr>
</table>
कार्यालयले कोभिड १९ प्रयोजनको लागि प्राप्त रकमवाट कोभिड अस्पताल संचालनको लागि उपकरण र औषधी समेत खरिद गरी रु.४८६९२२।- खर्च गरिएकोमा उक्त सामाग्री कोभिड अस्पताललाई सामाग्री हस्तान्तरण नभएको र लेखापरीक्षण अवधी २०७९ आश्विनमा अस्पताल संचालनमा समेत नरहेकोले गत वर्ष र यस वर्ष समेत अस्पतालको लागि खरिद गरिएका जिन्सी मालसामान तथा उपकरण को अभिलेख तयार गरी मूल जिन्सी खाता (PAMS)मा समेत अभिलेख अद्यावधिक गरी सामानको सुरक्षा गर्नुपर्दछ ।<br>
नेपाल सरकारले कोभिड प्रभावित व्यक्तिलाई राहत वितरण गर्न प्रयाप्त रकम खर्च नगरी फर्ता पठाएको छ ।<br>
पालिकालाई कोरोना विरुद्धको ५ प्रकारका १५०४५ डोज प्राप्त भएको विवरणवाट देखाएकोमा उक्त खवप मध्येवाट पछिल्लो र दोश्रो दोज खोपको संख्या खुलाई प्रतिवेदन उपलब्ध नगराएकोले उल्लेख गर्न सकिनएन ।
</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>पालिकाले कोभिडको संभावित लहरको आँकलन र पूर्वतयारी सम्बन्धी कार्य नगरेकोमा कोभिड १९ को संक्रमण देखिएपछी उपचारात्मक कार्यहरु संचालन गर्ने गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>२१.</td><td></td><td></td><td>नेपाल सरकारवाट प्राप्त कोभिड १९ बाट प्रभावित भई रोजगारी तथा व्यवसाय गुमाएका प्रभावितहरुको लागि प्राप्त राहत रु.२७८००००।-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | वितरण नगरि फिर्ता गरेको छ । | |
| २२ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले आफ्ना नागरिकहरुलाई प्रदान गर्ने सेवाहरुका सम्बन्धमा कानुनी व्यवस्था र अन्य क्रियाकलाप समेटी सेवालाई प्रभावकारी रुपले सञ्चालन गर्नुपर्नेमा यस बर्ष उपलब्ध गराईएका सवै सेवाहरुको विवरण सहितको प्रतिवेदन तयार गरेको देखिएन, ऐनमा भएको व्यवस्था अनुसार सेवालाई प्रभावकारी बनाउन सेवा प्रवाह मापनको आधार तय गरी सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| २३ | | | **विद्यालय व्यावस्थापन**<br>पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।<br>• पालिका अन्त्रगत रहेका सामुदायिक विधालयहरुकाे सबै त्रियाकलापहरुकाे कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।<br>• पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुकाे निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकाेमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>• कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा साे वमाेजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।<br>• सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **तालिम नर्मस र खर्च स्थिती :** | |
| २४.१ | | | **तालिम नर्मस :** वित्तिय हस्तान्तरण अन्तर्गतका कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्मसको आधारमा गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य शसर्तबाट स्थानीय तहमा संचालन हुने कार्यक्रम निर्देशिकामा सन्दर्भ सामाग्री तयार नभएको तालिममा मात्र कार्यपत्रको प्रती सेसन रु.२०००।- पाउने व्यवस्था छ । पालिकाले युवराज सर्मा कट्टलेको नामको वृहत पोषण प्याकेज क्षमता अभिवृद्धी तालिमको पेश्की रकम फर्छ्यौट गर्दा सन्दर्भ सामाग्री भएको उक्त तालिमको प्रशिक्षकलाई कार्यपत्रबापत भुक्तानी गरेकोले थप रकम पाउने आधार पेश हुनु पर्ने अन्यथा नपाउने कार्यपत्रको रकम असुल हुनु पर्ने रु.<br><br>प्रशिक्षकको नाम : भुक्तानी रकम<br>अनिल अधिकारी : ११९००।००<br>सरोज चौधरी : ११९००।०० | २३,८०० |
| २४.२ | | | वृहत पोषण प्याकेज क्षमता अभिवृद्धी तालिमको पेश्की फर्छ्यौट गर्दा नर्मसमा मसलन्द सामाग्री वापत अफिस व्यागको लागी रकम व्यवस्था नभएकोमा युवराज शर्माले पेश गरेको पेश्की फर्छ्यौट फांटवारीमा रु.४५०००।- समेत दाबी गरि फर्छ्यौट गरेकोले नर्मस वेगरको काममा भुक्तानी गरेको अनियमित रु. | ४५,००० |
| २५ | | | **अनुदान कार्यक्रम संचालन स्थिति** | |
| २५.१ | | | **संस्था छनौट आधार तथा अनुदान खर्च :** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा परियोजनावाट पकेट कार्यक्रममा उपलब्ध गराउने अनुदान को लागि लाभग्राहीको छनौट गर्दा सम्वन्धित कार्य गर्ने उद्देश्यले दर्ता भएका (PAN)व्यक्ति, फर्म, समुह, समितिलाई छनौट गर्नु पर्ने र म्यानुअल को ४.१.४ मा पकेटको लागि न्यूनतम संख्याको आधार समेत तोकि हिमाली जिल्लामा वाखाको पकेट कार्यक्रम संचालन गर्दा न्यूनतम ६०० वाखा रहने गरी तोकिएको छ । साथै कार्यविधिको ४.१.९.२ मा उत्पादकत्व कार्यक्रम संचालन गर्दा पशु नक्ष सुधार कार्यक्रम संचालन प्रकृया कृषक छनौट, स्रोत केन्द्रको पहिचान, गरी उन्नतजातको पशु (पाठापाठी) खरिद गर्नुपर्ने गरी तोकिएको छ । कार्यालयले वाखाको पकेट कार्यक्रममा वाखाको सानो पकेट संचालक समितिको प्रस्तावको ५० प्रतिशतले हुने रु.१५०००००।- स्वीकृत गरी रु.१३५४०००।- भुक्तानी गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार | १,३५४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छन् ।<br>कार्यान्वयन म्यानुअल अनुसार प्रस्तावमा आधारित अनुदान रकम भुक्तानी गर्नुअघि सम्झौता अनुसारको कार्य पुरा गरेको र सम्बन्धित प्राविधिकले स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गरेपछि मात्र लाभग्राहीको खातामा रकम भुक्तानी गर्ने व्यवस्था भएकोमा स्थलगत प्रतिवेदन समावेश नभएको ।<br>कार्यलयले छनौट गरिएको संस्थाले वाख्राको संख्या उल्लेख नगरेको, वाख्राखरिद गर्नुअघि श्रोत केन्द्र नतोकिएको, समितिले सूचनामार्फत वोयर वोका र पाठीको नश्ल प्रतिशत तोकि ७५ प्रतिशत वोयर वोका, पाठी, माग गरेकोमा वोका पाठी विक्रि गर्ने फर्म सुनसरी जिल्लाको वराह कृषि फर्मले प्रस्तावमा वोयर वोका र पाठिको ट्याक नं सहित प्रतिकेजी रु.१५००।- का दरले उल्लेख गरेकोमा विक्रि विजकमा ट्याक नं. नखुलाएको विलवाट रु.७८७५००।— तथा रमाइलो डाडा वहुउद्येश्यीय कृषि फर्म नेचावाट स्थानिय माउ वाख्रा र छतौरी खरिद गरी रु.८५५०००।— समेतको विल पेश गरेकोमा स्थानीय स्तरमा खरिद गरिएका माउ वाख्रा र छट्टौरीको स्वास्थ्य जाँच, तथा नश्ल नखुलेको खरिद मूल्य निर्धारण नभएको समेत देखियो । कार्यक्रम संचालन प्रकृया पुरा नगरी उन्नत पशु तर्फको अनुदान रकम खर्च गरेकोले यस सम्बन्धमा पुन यकिन गर्नुपर्दछ । पकेट संचालक समितिले दिएको रकमवाट खरिद गरि वितरण गरिएका वोयर वोका पाठी र अन्य स्थानीय जातका माउ वाख्रा तथा पाठीहरु उन्नत जातको हुनुपर्ने शर्त पुरा नगरी खर्च गरेको अनियमित रु. | |
| २५.२ | | | **निरन्तरता अनुदान :** पकेट विकास कार्यक्रम संचालन गर्ने स्थानिय तहले अनूसूची-७ वमोजिमको ढाँचामा पकेटको प्रोफाइल तयार तथा अद्यावधिक गरी जल्ला स्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नुपर्ने व्यवस्था म्यानुअल को ४.१.१३ मा रहेको छ । कार्यालयले वाख्रा पकेटको निरन्तरता अन्तर्गतको अनुदान रकम वापत रु.६४६०००।- भुक्तानी गरेकोमा संस्थाले वराह कृषि फर्म सुनसरीवाट २ वोका तथा ५ वटा पाडी खरिदको विल पेश गरेको आधारमा अनुदान रकम भुक्तानी गरेकोमा प्रोफाइल तयार गरी अद्यावधिक गरेको प्रमाण पेश नभएको रु.<br>**आलु पकेट कार्यक्रम निरन्तरता खर्च :-** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल ४.१.५ मा कार्यक्रम संचालन अवधि सम्वन्धी व्यस्था रहेको छ । स्थानीय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनौट गरी परियोजनाको कार्यक्रम संचालन गरिने पकेटहरुमा सघन रुपमा सामुहिक खेती, सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवद्धन हुने गरी वढीमा २ आर्थिक वर्ष सम्म पकेट कार्यक्रम संचालन हुने व्यवस्था छ ।कार्यालयले आलु पकेट तर्फको अनुदानवाट वडा नं.३,४ र ५ का गत वर्ष पकेट क्षेत्रमा सदस्यहरुलाई थप कार्यक्रमको निरन्तरता सम्वन्धी, प्रस्ताव स्वीकृत गरी समितिमा सदस्यवाट आलु विउ खरिद गरी प्राङ्गरिक मल र गोवर मल खरिद समेतको प्रस्तावको आधारुमा ४ वटा कृषक समुहलाई आलुको विउ मलको रकम वापत रु.५९१५७०।- भुक्तानी गरेको | ६४६,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाइयो ।गत वर्ष कार्यक्रममा सहभागीका सदस्यहरुवाट १४०२५ केजी आलु विउ खरिद गरि कृषक समुहलाई वितरण गरिएकोमा समुहहरु PAN मा दर्ता नभएको यो कार्यक्रममा विउको परिक्षण नगरिएको, प्राङ्गारिक तथा गोवर मलको खपतको आधार (क्षेत्रफल र परिमाण) नतोकिएको समेत पाइयो । पकेटको प्रोफाइल तयार गरी जिल्लास्थित कार्यालयमा नपठाएको समेत देखिएकोले कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यविधि पुरा गरेर मात्र अनुदान रकम भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>बढिभुक्तानी :- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ४.१.१० मा पकेट विकास कार्यक्रम तर्फको अनुदान रकम भुक्तानी सम्वन्धी व्यवस्था रहेको छ । कार्यालयले किवि पकेट कार्यक्रम संचालन गर्ने सम्न्वय समितिले पेश गरेको परियोजना प्रस्ताव रु.१८,५७,८४०।- मध्ये पालिकाको रु.९२८९२०।— व्यहोर्ने गरी प्रस्ताव स्वीकृत गरेको छ । भौ.नं. २०७।०७९।३।२५ वाट समितिलाई रकम भुक्तानी गर्दा रु.४९०९।— बढि भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु.४९०९।-<br>परियोजना प्रस्ताव कार्यान्वयन स्थिति :- कार्यान्वयन म्यानुअल को ४.१.१० मा सम्झौता वमोजिमको कार्य समाप्त भए पश्चात सम्वन्धित लाभग्राहीलाई प्रचलित कानून अनुसार अनुदान रकम भुक्तानी गरिने व्यस्था छ ।कार्यालय र किवि खेतीको पकेट समन्वय समितसंग स्वीकृत भएको परियोजना प्रस्तावमा १८११ विरुवाको मुल्यरु.९०५५००। मध्ये ५० प्रतिशतले हुने रकम पालिकाले रु.४५२७५०।- व्यहोर्ने गरी वाडफांड भएकोमा समितिले १८०० विरुवा मात्र रु.७२००००।- मा खरिद गरेको विजक समावेश गरेको छ । विरुवा खरिद गर्दा लागेको वास्तविक मूल्यको आधारमा ५० प्रतिशतले हुने रकम रु.३६०,०००।-मात्र भुक्तानी गर्नुपर्नेमा रु.४५२,७५०।- विरुवाको लागि अनुदान भुक्तानी गरेकोले परियोजना प्रस्तावमा ५० प्रतिशत लागत व्यहोर्ने संझौता भन्दा फरक गरी बढि बिरुवाको दरवाट भुक्तानी गरेको रु.९२७५०।- पुन यकिन गरि असुल हुनुपर्ने रु.९२७५०।-</td><td>९७,६५९</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पेश्की<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्तसम्म फर्स्यौट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फर्स्यौट र नियमित हुनु पर्ने रु.
<table>
<tr><th>पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>(क)निर्माण व्यवसायी पेश्की</td><td></td><td></td></tr>
<tr><td>इन्जिनियरीङ्ग कन्स्ट्रक्सन</td><td></td><td>६,०५,०००</td></tr>
</table></td><td>१९,१२८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| **(ख) संस्थागत पेश्की** | | |
| गाउँ खेलकुद समिति | २,१६,८५० | |
| हिमाल दर्शन माध्यमिक विद्यालय | | ६,५०,००० |
| हिमाल दर्शन माध्यमिक विद्यालय | | ७०,००,००० |
| केदार मा वि | | ३६,००,००० |
| हिमाल दर्शन माध्यमिक विद्यालय | | २,००,००० |
| हिमाल दर्शन माध्यमिक विद्यालय | | ३०,००,००० |
| केदार मा वि | | १०,००,००० |
| केदार मा वि | | १२,००,००० |
| केदार मा वि | | ६,००,००० |
| केदार मा वि | | ६,५०,००० |
| **(ग) उपभोक्ता समिति** | | |
| थुलुङ सामा भवन निर्माण उ स | ३,३०,००० | |
| थुलुङ सांस्कृतिक संग्रहालय | ४,८०,००० | |
| गाउँपालिका स्तरिय दलित समन्वय समिति | ४,५०,००० | |
| **(घ) व्यक्तिगत पेश्की** | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>हिमालय दाहाल</td><td>२५,०००</td><td></td></tr>
<tr><td>इन्जिनियरीङ्ग कन्स्ट्रक्सन</td><td></td><td>६,२३,०००</td></tr>
<tr><td>जम्मा पेश्की</td><td>१५०१८५०</td><td>१९१२८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
राजस्व अभिलेख<br>
राजस्व दाखिला : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार कार्यक्षेत्रमा प्राप्त हुने राजश्व तथा सरकारी रकम जिम्मेवार व्यक्तिले कानून वमोजिम वैक दाखिला गर्नुपर्ने व्यवस्था छ । वमोजिम आफ्नो जिम्मामा भएको सरकारी नगदी दाखिला नगरेको देखिन आएमा सम्वन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दाखिला वांकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र कसुरको मात्रा अनुसार कानून वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ।कार्यालयले राजश्व संकलनका लागि वडा नम्वर ४ लाईप्रदान गरेको देहायको मालपोत र नगदी रसिदको लेखापरीक्षणका समय सम्म पनि राजश्व दाखिला र रसिद फिर्ता नगरेकाले वांकी रसिदको यकिन गरी छानविन गरी राजश्व असुल गर्नुपर्ने ।<br>
विवरण
<table>
<tr><th>क्र.सं.</th><th>नगदी रसिद</th><th>मालपोत रसिद</th></tr>
<tr><td>१.</td><td>४३५१-४४००</td><td>४६५१-४७००</td></tr>
<tr><td>२.</td><td>९०१-९५०</td><td>४६०१-४६५०</td></tr>
<tr><td>३.</td><td>४८५१-४९००</td><td>८१०१-१९१५०</td></tr>
<tr><td>४.</td><td>४१०१-४१५०</td><td>१९१०१-१९१५०</td></tr>
<tr><td>५.</td><td>१६०१-१६५०</td><td>४००१-४०५०</td></tr>
<tr><td>६.</td><td>४४५१-४५००</td><td>३४५१-३५००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **आयको अनुमान र यथार्थ**<br>**आन्तरिक आय :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) मा गाँउपालिकाले आफनो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परिक्षणवाट तोकिएको परिमाणमा ढुंगा गीटी वालुवा, माटोजन्य वस्तु विक्रि गर्ने सक्ने व्यवस्था छ । पालिकाले ठेक्का पट्टा र उपभोक्ता समिति मार्फत गराइएका निर्माण सम्बन्धी काममा प्रयोग हुने ढुंगा मा मात्र विल भुक्तानी गर्ने वखत रोयल्टी रकम कट्टा गर्ने गरेको पाइयो । पालिकाको क्षेत्र भित्र निर्माण भईरहेका हाइड्रोपावर तथा अन्य निकायवाट निर्माण गरिने योजना तथा भवन निर्माण सम्वन्धी काममा पालिका भित्रकै खोलाहरुवाट ढुंगा, गिट्टि वालुवा प्रयोग भएता पनि ति योजनाका निर्माण व्यवसायी वा उपभोक्ता समितले प्रयोग गर्ने ढुंगामा रोयल्टी असुली गरेको पाइएन। ऐनको व्यवस्था वमोजिम वातावरणीय प्रभाव मुल्यांकन समेत स्वीकृत गरी वालुवा गीट्टी र अन्य निकायका योजनामा प्रयोग हुने ढुंगामा समेतमा लाग्ने रोयल्टी रकमको व्यस्था गरी आन्तरिक आयको व्यवस्थापन हुनुपर्दछ ।<br>**आन्तरिक आयको अवस्था :-** पालिकाले व्याकहोलोडर संचालन गरे वापतको भाडा प्रति घण्टा रु.३०००।- तोकेकोमा उक्त व्याकहो लोडर संचालन अवधी संचालन प्रकृया पालिकाको कार्य वा भाडामा नखुलाई इन्धन तथा मर्मत संभार खर्च हुने गरेको छ ।पालिकाको व्याकहोलोडर भाडा वापतको आम्दानी गर्ने कार्य हेभी सवारी चालकलाई रसिद दिई संकलन गर्ने गरेको पाइयो । व्यक्तिगत प्रयोजनमा लैजानु अघि अनुमानित घण्टा र रकम वुझिलिने गरेको पाइएन ।<br>**फोहोरमैला व्यस्थापन :-** पालिकाको आर्थिक ऐन २०७८ मा फोहोर मैला व्यवस्थापन शुल्क वापत प्रति महिना रु. ५०।- प्रतिघरको लिने व्यवस्था छ । यो वर्ष वजार क्षेत्रको फोहोर संकलन गरी ल्याण्ड फिल्ड साइट सम्म ढुवानी गर्न टेक्टर भाडामा लिई खर्च गरेको पाइयो । तर ऐन अनुसार प्रतिघर व्यवस्थापन शुल्क असुल गरेको पाइएन । ऐन बमोजिमको सेवाशुल्क लिने व्यवस्था हुनुपर्दछ ।<br>**जग्गा भाडा र पार्कीङ शुल्क :-** पालिकाको आर्थिक ऐन २०७८ मा पार्किक शुल्क समेत असुल गर्ने व्यवस्था गरी ठुला सवारीको रु.५० र साना सवारी जिप कारको रु.२०।- लिने व्यस्था रहेको छ । यो वर्ष गाडी पार्किङ गर्ने जग्गा समेत भाडामा लिई खर्च गरेकोमा ऐन वमोजिम पार्किङ शुल्क असुल गरेको पाइएन ।<br>**प्राकृतिक स्रोत उपयोग कर (ढुंगा गिट्टी वालुवा मु.अ.कर)**<br>नेपाल सरकार मन्त्रीपरिषदले ढुंगा गीट्टी वालुवा उत्खन्न र विक्रि सम्वन्धी मापदण्ड २०७८ स्वीकृत गरी लागु गरेको छ । गाँउपालिकाले आर्थिक ऐन २०७८ मा प्राकृतिक श्रोत उपयोग कर वापत रु.४ प्रति वर्गफुट तोकि सो को अतिरिक्त टयाक्टर प्रति ट्रिप रु.५००, टिपर छ चक्के प्रति ट्रिप रु.१०००।- घर छाउने कटिङ ढुंगा प्रति ट्रिप रु.२००००।- वास/कुकाठ निकासी प्रति ट्रिप(टयाक्टर) रु.५००।- तोकेकोमा एकै श्रोतको दोहोरो दर कायम गरेको पाइयो । कार्यालयले ऐनको व्यवस्था र मापदण्ड वमोजिम वातावरणीय परिक्षण गराई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उत्खनन गर्न सकिने परिमाण स्वीकृत गरेको पाइएन ।<br>**पुर्वाधार उपयोग (शुल्क) सडक :-** आर्थिक ऐन २०७८ मा पुर्वाधार उपयोग गरे वापत (सडक) शुल्क लिने व्यवस्था गरी हलुका सवारी साधन जिपलाई, दैनिक व्याकहोलोडर,एक्साभेटर लाई उपयोग शुल्क र सूचिकरण (वार्षिक) थप असुल गर्ने व्यस्था भएकोमा पालिकाले जिप तथा अन्य साधनलाई पहिचान गरी शुल्क असुल गरेको भएता पनि दैनिक उपयोग सडक शुल्क असुल गरेको पाइएन । पालिका केन्द्रवाट काठमाण्डौ र अन्य स्थानमा दैनिक यसै पालिकावाट जिपहरु संचालन हुने गरेको पाइयो ।ऐनमा तोके वमोजिमको दरवाट राजश्व संकलन गर्नुपर्दछ ।<br>**विद्युत सेवा शुल्क :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(२)मा गाँउपालिकाले व्यवस्थापन गरेको स्थानीय पुर्वाधार वा उपलब्ध गराएको सेवामा शुल्क लगाउन सक्ने व्यवस्था छ । पालिकाले सोलु खोलावाट उत्पादन हुने विद्युत लाई पालिका भित्र वितरण समेतको कार्य गर्दै आएको छ ।योवर्ष पावरहाउस मर्मत संभार तथा लाईन विस्तार कार्यमा रु.१५,२७,५१५।- तथा विद्युत गृह संचालन गर्न ४ जना कर्मचारी समेतको लागी तलब भत्तामा रु.७१३७६०।- र घरभाडा समेतमा कुल रु.२४६१८५८।- खर्च गरेको छ । उत्पादन भएको विद्युतलाई ८०० घर धुरीमा जडान गरी विद्युत सेवा उपलब्ध गराएको छ । पालिकाले विद्युत गृहको संचालन, मर्मत संभार, विस्तारको लागि थप पोल, तार र अन्य सामान खरिद गरी खर्च हुने गरेको विद्युत उत्पादन कार्यमा प्रयोग हुने मालसामानको स्टोर गर्न मासिक घर भाडामा लिई खर्च गरेको भएता पनि विद्युत उपयोग गर्नेवाट कुनै शुल्क वा आय प्राप्त गरेको पाइएन । वार्षिक संचालन खर्च वढ्दै गएको र पार्टस पुर्जाको फेरवदलमा समेत खर्च वढ्दै गइरहेको अवस्थामा विद्युत वितरण निशुल्क सेवा दिने सम्वन्धी कार्यविधी समेत स्वीकृत गरेको पाइएन । निशल्क सेवा संचालन गर्ने कार्याविधि स्वीकृत गरेर मात्र उत्पादनमा थप लगानी गरी संचालन खर्च व्यहोर्नु पर्दछ । | |
| २९ | | | **खरिद कार्यको मुल्यांकन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(३)(क) वमोजिम सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन गर्दा ३ भन्दा कम सिलवन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र नै पेश नभएमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी दोश्रो पटक सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रतिष्ठान चोक- भण्डारी गाँउ सुकेपोखरी सडक निर्माण सम्वन्धी कार्य गर्न २०७८।९।३० मा सिलवन्दी दरभाउपत्र माग गरेकोमा २०७८।१०।५ ३ वटा दरभाउपत्र दर्ता भएको र दरभाउपत्र समेत खोलेको छ । लागत अनुमान रु.१८,८०,०००।- रहेको उक्त रकम मा ३ वटा दरभाउपत्र मध्ये २ दरभाउपत्रले कवुल अंक सहितको दरभाउपत्र पेश गरेको र घटी वालाको रु.१८६९०३९।- रहेकोमा कार्यालयले उक्त सवै दरभाउपत्र रद्ध गरी २०७८।१०।२८ मा पुन दरभाउपत्र माग गरेको पाइयो | ८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | । दोश्रोपटक दरभाउ माग गर्दा १ मात्र दरभाउपत्र परेकोमा सोही दरभाउपत्र लाई छनौट गरी रु.१८,७७,०४३।- मा ठेक्का सम्झौता गरेको पाइयो । नियमको व्यवस्था वमोजिम ३ वटा दरभाउपत्र पेश भै सकेकोमा छनौट सम्वन्धि कार्य पुरा गरी घटी वाला सँग सम्झौता गरी कार्य गराउनु पर्नेमा पुन दरभाउपत्र माग गर्दा कानूनको व्यवस्था पालना नभएको र वढी खर्च गरेको देखिएको रु. | |
| ३० | | | **उपभोक्ता समितिको कार्य** | |
| ३०.१ | | | **भाडाको घरमा लगानी** :- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नु अघि रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोभिड १९ संक्रमणमा संक्रमितको उपचार र आइसोलेशन केन्द्र स्थापना गर्न वडा नं.३ मा मासिक रु. ११५०००।- भाडा तिर्ने गरी व्यक्तिगत घर **२०८०।७।१५** सम्म लिने सम्झौता गरेको पाइयो । उक्त घर भाडामा लिइसकेपछी यो वर्ष रु.१०,९९,५११।- को लागत अनुमान तयार गरी भाडाको घरमा ट्रष्ट तथा इट्टाको गाहो समेतको कार्य गराई थप संरचनाहरु निर्माण गर्दा वाह्यय व्यक्तिको अध्यक्षातामा उपभोक्ता समिति गठन गरी रु.९८८०००।- भक्तानी गरेको पाइयो । उक्त घरको थप संरचनामा लगानी गरिसकेपछी २०७९ असार मसान्त वाटै पालिकाले घर भाडामा नलिने निर्णय गरेको समेत पाइएकोले व्यक्तिगत घर भाडा लिएकोमा खरिद ऐन नियम विपरित उपभोक्ता समितिवाट कार्य गराएको र थप लगानी गरिसकेपछी सम्झौता अवधी पुरा नहुदै घर खाली गरेको सम्बन्धमा थप छानविन हुनुपर्ने रु.९,८८,०००।-<br>**फरक योजनामा खर्च** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक वाहिर गई वजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाको २०७८।७९ को सभावाट पारित वजेट कार्यक्रममा अनुसंधान तथा विकास तर्फ विनियोजित रकमवाट नक्सा, ड्रइङ डिजायन स्वीकृती नभएको गितास्थली मण्डली प्राथनाहल निर्माण कार्य गराउने उपभोक्ता समितिसंग सम्झौता गरी रु.१५०००००।- योजनामा रकम सारी Plinth Level सम्मको काम मात्र गराई रु.१०,४०४६५।- भुक्तानी गरेको पाइयो । सभावाट पारित नभएको योजना रकमान्तरवाट थप गरी नक्सा डिजायन स्वीकृत नगरी अधुरो निर्माण कार्यमा खर्च गरेको अनियमित रु.१०,४०,४६५।- | २,०२८,४६५ |
| ३०.२ | | | **व्यक्तिगत जग्गामा भ्यू टावर निर्माण खर्च** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्नेमा वडा नं. ६ स्थित केसरी थामडाडा मा ओखलढुङ्गा जिल्लाको चिसखुगढि गा.पा.का निमतुण्डु शेर्पाको नाममा रहेको जग्गाका धनी २०७६ सालमा मृत्यू भएकोले हकवाला छोराहरुले आफ्नो नाममा नामसारी गरिसकेपछी पास गरिदिने शर्तमा सो जग्गामा | १,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भ्यू टावर निर्माण कार्य गराई टावरको डिजायन नक्सा स्वीकृत नगरी उपभोक्ता समितिलाई निर्माण कार्यको रु.१०,००,०००।- भुक्तानी गरेको पाइयो । पालिकाको स्वामित्व नै नरहेको व्यक्तिगत जग्गामा डिजायन, नक्सा वेगर भ्यू टावर निर्माण गरी खर्च गरेको सम्वन्धमा पुन छानविन गरी उक्त जग्गाको स्वामित्व पालिकाले प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने रु. | |
| ३०.३ | | | **सामाग्री खरिद प्रकृया :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिवाट कार्य गराई भुक्तानी गर्नुअघी प्रत्येक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भर्पाई, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको वैठकवाट अनुमोदन गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खहरे-सिम्ले-राधाकृष्ण मन्दिर सडक स्तरोन्नतीको कार्य गर्न रु. १४,२७,४५३।- को ल.ई. स्वीकृत गरी रु.१२,००,०००।- मा सम्झौता गरी काम शुरु गरेकोमा सडकमा तारजालीमा ढुंगा भर्ने कार्यको लागि छुट्टै आइटम समावेश गरेको छ । उक्त कामको भुक्तानी गर्दा जालीमा ढुंगाको कामको छुट्टै रु.४०८६२२।- समावेश गरेको र ५५ वटा विभिन्न साइजको जालीमा ढुंगा भर्ने कामको विल तयार गरी भुक्तानी गरेकोमा जाली खरिद कार्य गा.पा.वाट गरेको उल्लेख गरी ढुंगा भर्ने कार्यको भुक्तानी गरेकोमा उपभोक्ता समितिसँग कामको दररेट कायम गर्दा प्र.ति.घ.मि ढुंगा भर्ने कामको रु.४१८४।६८ हुनुपर्नेमा रु.४४३६।६८ कायम गरेकोले वढी दरवाट ढुंगा भर्ने काममा बढी भुक्तानी गरेको रु. ५३०१०।- असुल हुनुपर्ने रु. | ५३,०१० |
| ३०.४ | | | **डि.पि.आर वेगर उपभोक्ता समितिवाट सडक निर्माण :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले निर्माण कार्य खरिद गर्नु अघि स्पेसिफिकेशन डिजायन नक्सा तथा अन्य आवश्यक विवरण तयार गर्नपर्ने व्यवस्था छ । पालिकाले विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्ने कार्य उपभोक्ता समितिसँग सम्झौता गरी खर्च गर्ने गरेको पाइयो । सडकको नयाँ ट्र्याकको कार्य गर्नुअघि DPR तयार गरी स्वीकृत गरेको पाइएन ।अधिकांश सडक उपभोक्ता समितिवाट कार्य गराएकोमा कामको सम्झौता अघि Hard rock, Medium rock, Hard Soil समेतको आइटम समावेश गरी क्वान्टीटी सम्झौता गरेको पाइयो । नमूना छनौट गरी परिक्षण गरिएकोमा लागत अनुमान तयार गर्दा मेशिनवाट कटीङ कार्यमा जिल्लादरवाट तोकिएको दरवाट Hard rock लगायतको दररेट कायम गरेको र कामको नापी गर्दा समेत X sectional drawing समावेश नगरी विभिन्न प्रकारको माटो कटीङको प्रतिशत समेतवाट भुक्तानी गरेको देखिएको छ । | |
| ३१ | | | **नियमको व्यवस्था पालना** | |
| ३१.१ | | | **गुणस्तर परिक्षण :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद कार्यको विल विजकको भुक्तानी गर्दा सम्झौताको शर्त पुरा गरेपछी मात्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नेचा सल्यान विद्युतीकरण कार्यको लागि खरिद गरिएका विद्युतीय तार तथा अन्य मालसामान सप्लायर्स संग भएको सम्झौताको शर्त नं.४ वमोजिम सामाग्री उपलब्ध गराई सम्वन्धित विज्ञबाट सामानको चेकजाँच | १,५१८,०४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | गरेपछीमात्र भुक्तानी दिने शर्च रहेकोमा सप्लार्यस एस.डि.पेल्ट्रिकसेट तथा माइक्रोहाइड्रो प्रा.लि.वाट खरिद गरिएका रु.१५१८०४२।- का विद्युतिय मालसामानहरु विज्ञवाट परिक्षण नगराई भुक्तानी गरेको पाइयो । सम्झौताको शर्त तथा मालसामान स्पेसिफिकेशन अनुसार गुणस्तर परिक्षणको प्रमाण पेश हुनुपर्ने रु. | |
| ३१.२ | | | **पूर्वनिर्धारित क्षतिपुर्ती :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न नभएमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई पुर्वनिर्धारित क्षतिपुर्ती तिर्नुपर्ने व्यवस्था छ । कार्यालयले शाक्य निर्माण सेवा संग २०७८।२।२४ मा सडक स्तरोन्नती सम्वन्धी कार्य २०७८ कार्तिक मसान्त सम्म पुरा गर्ने गरी रु.२७,१७,५१३।-मा खरिद सम्झौता गरी प्रारम्भ गरेकोमा २०७८।७।२ निर्माण व्यसायीले म्याद थपको निवेदन दिई प्र.प्र.अ.ले २०७८।७।१५ मा २० दिन म्याद थप गर्न गा.पा.अध्यक्ष समक्ष सिफारिस गरेकोमा उक्त निर्माण कार्यको म्याद थप स्वीकृत भएको पाइएन । निर्माण व्यवसायीले २०७८।८।१३ मा मात्र काम पुरा भएकोले भुक्तानी पाउन निवेदन गरेको देखियो । सोही निवेदनकै आधारमा फाइनल विल भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था वमोजिम नियमावलीको व्यवस्था बमोजिम म्याद थप स्वीकृत नभएकोले नियमानुसार लाग्ने पूर्व निर्धारित क्षतिपुर्ति वापतको रु.१७६६३।- असुल हुनु पर्दछ रु. | १७,६९३ |
| ३१.३ | | | **खरिद सम्झौता कार्यान्वयन :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त र सो को उपचार सम्वन्धी व्यस्था छ । कार्यालय र भावना सप्लायर्स विच २०७८।६।१० मा सम्पन्न सम्झौता वमोजिम सम्झौताको ३० दिन भित्र तोकिएको आकार र गुणस्तरीय सामाग्री प्रयोग गरी उत्पादन भएका र स्वीकृत स्पेसिफिकेशन अनुसारका ह्युम पाइपहरु रु.१४०९११०।- मा सप्लाई गर्ने गरी सम्झौता गरेको छ । सप्लायर्सले २०७८।७।२१ मा कर विजक नं. १ बाट रु.१४०९११०।- भुक्तानी माग गर्दा सामानको परिमाण खुलाएको पाइएन । उक्त सप्लायर्सलाई २०७८।६।२० मा कार्यालय प्रमुखले पुर्व निर्धारित क्षतिपुर्ती लिने गरी २० दिन म्याद थप गरेको समेत देखियो । निर्माण व्यवसायीले पेश गरेको विलको भुक्तानी नभएको, ह्युमपाइपहरुको सम्झौताको शर्त अनुसार गुणस्तर परिक्षण नगरेको, कार्यालयले मालसामान प्राप्त गरी २०७९।३।३० सम्म ठेक्काको काम पुरा नभएको स्वीकार नभएको या खरिद सम्बन्धमा पुन छानविन र यकिन गरी सम्झौता वमोजिम कार्य पुरा नभएको ऐनको व्यवस्था वमोजिम प्राप्त हुने उपचार सम्वन्धी कार्य गर्नुपर्दछ । | |
| ३२ | | | **कन्टिन्जेन्सि खर्च र मालसामान खरिद**<br>**कन्टिन्जेन्सी खर्च :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा अनुमानमा समावेश भएको कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यविधि स्वीकृत गरी २ प्रतिशत वर्क चार्ज स्टाफ र २ प्रतिशत अन्य सानातिना खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले समपुरक | २,२००,५३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | अनुदानवाट संचालित योजनाको कन्टिन्जेन्सी रकमवाट पालिकाले जेसिवी संचालन गर्ने चालकलाई प्रति घण्टा रु.२००।- का दरले भत्ता पाउने निर्णय गरी दोर्दी-खहरे-चर्पु सडकको कन्टिन्जेन्सीवाट रु.१०४०००।- भुक्तानी गरेको पाइयो । तोकिएको आधारवाट मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।<br>**निर्माण सामाग्री खरिद र उपयोग :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गर्नु अघि योजना तथा आवश्यक्ताको विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खानेपानी तथा सिंचाई योजना मर्मत गर्ने कार्य उल्लेख गरी विभिन्न ६ प्रकारका साइजका ३५७६०।- मिटर HDEP पाइफ रु.२२००,५३९।- मा खरिद गरेको छ । पाइप खरिद गर्नुअघी लागत अनुमान तयार गर्दा योजनाको नाम र परिमाण नखुलाई खरिद गरिएका पाइप स्टोर दाखिला गरी व्यक्तिगत माग फारमका आधारमा स्टोरवाट साथै खर्च जनाएकोले खरिद गरिएका उक्त पाइपहरु खपत गरी मर्मत संभार कार्यमा खपत गरिएको योजनागत कार्य सम्पन्न प्रतिवेदन लिई रकमको सुनिश्चित हुनुपर्दछ रु. | |
| ३३ | | | **कार्यविधिको पालना**<br>**सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु १,५५,२०,३६९ ।- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।<br>१. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।<br>२. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुने लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।<br>३. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ । | |
| ३४ | | | **दोहोरो खर्च**<br>कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्ति तथा एकै नागरिकता नम्बरबाट फरक व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको पाइयो । निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको रकम एकिन गरि असूल गर्नुपर्ने रु. | २२१,३२६ |

| लाभग्राहीको नाम | परिचयपत्र नम्बर | नागरिकता नम्बर | वडा | भुक्तानी रकम किस्ता अनुसार रु | | | | जम्मा भुक्तानी | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोस्रो | तृतीय | चतुर्थ | | | |
| Krishna Kumari Karki | 1992123027457 | 638-986 | 1 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 48000 | |
| Krishna Kumari Newar | 2003081000319 | 638-986 | 1 | 12000 | 12000 | 12000 | 12000 | 48000 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Bhakta Kumari Basnet | 2000123059089 | न.वि.1034-070-1-29 | 1 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 31920 | | |
| | | | Sita Devi Basnet | 2019051000222 | न.वि.1043-070-1-29 | 1 | 7980 | 7980 | 7980 | 7980 | 31920 | | | |
| | | | Chhote Kami | 2013051503393 | 111025-169 | 1 | 7980 | 7980 | 7980 | 7980 | 31920 | 23940 | | |
| | | | Shyam Kumari B.K | 2018061003539 | 111025-169 | 1 | 0 | 7980 | 7980 | 7980 | 23940 | | | |
| | | | Bibisa Sundash | 2077090504529 | 51 | 2 | 1596 | 1596 | 1596 | 0 | 4788 | 4788 | | |
| | | | Bibisha Sundash | 2077090506193 | 51 | 2 | 1596 | 1596 | 0 | 0 | 3192 | | | |
| | | | Bir Kumari Khadka | 2025123004587 | 250/1538 | 2 | 7980 | 0 | 0 | 0 | 7980 | 7980 | | |
| | | | Bir Kumari Khadka | 2025060800096 | 250/2538 | 2 | 7980 | 7980 | 7980 | 0 | 23940 | | | |
| | | | Buddi Man Rai | 2004112902861 | 3920-1234 स.सो | 2 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 12000 | | |
| | | | Buddiman Rai | 2004123286049 | स.सो.3910-1234 | 2 | 12000 | 0 | 0 | 0 | 12000 | | | |
| | | | Harka Dhani Rai | 1989123021423 | 3841/2828 | 2 | 12000 | 1867 | 0 | 0 | 13867 | 15734 | कुनै विवरण नरहेको | |
| | | | Sarisma Sarki | 2073043000459 | 91 | 2 | 532 | 532 | 532 | 532 | 2128 | 2128 | | |
| | | | Sarisma Sarki | 2073043201214 | 91 | 2 | 532 | 532 | 532 | 532 | 2128 | | | |
| | | | Sauri Maya Rai | 1999120300423 | 461/2934 | 2 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 36000 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Sauri Maya Rai</td><td>1999123267603</td><td>461-2934</td><td>2</td><td>12000</td><td>12000</td><td>12000</td><td>0</td><td>36000</td><td></td><td></td></tr>
<tr><td>Shobha Rai</td><td>2045091202252</td><td>113025-67</td><td>2</td><td>7980</td><td>7980</td><td>7980</td><td>7980</td><td>31920</td><td rowspan="2">5320</td><td></td></tr>
<tr><td>Shobha Rai</td><td>2045091202377</td><td>113025-67</td><td>2</td><td>5320</td><td>0</td><td>0</td><td>0</td><td>5320</td><td></td></tr>
<tr><td>Man Kumari Acharya</td><td>2028011005161</td><td>113026275</td><td>3</td><td>7980</td><td>0</td><td>0</td><td>0</td><td>7980</td><td rowspan="2">7980</td><td></td></tr>
<tr><td>Man Kumari Acharya</td><td>2028123003559</td><td>113026275</td><td>3</td><td>7980</td><td>0</td><td>0</td><td>0</td><td>7980</td><td></td></tr>
<tr><td>Geeta B.K</td><td>2048100702379</td><td>113027-58</td><td>4</td><td>7980</td><td>7980</td><td>7980</td><td>7980</td><td>31920</td><td rowspan="2">25536</td><td></td></tr>
<tr><td>Lila Kumari Bastola</td><td>2040070600857</td><td>113027-58</td><td>4</td><td>6384</td><td>6384</td><td>6384</td><td>6384</td><td>25536</td><td></td></tr>
<tr><td colspan="9">जम्मा</td><td>221326</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
मू अ कर मा दर्ता नभएको संग खरिदः<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम अनियमित रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>फर्म को नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६२१।२०७९।३।१९</td><td>सगरमाथा सप्लायर्स</td><td>कार्यालयसामाग्रि खरिद</td><td>३०७७०</td></tr>
<tr><td>६२५/२०७९/३/१९</td><td>डिजिटल टेक्निकल सेन्टर</td><td>कार्यालय सामान खरिद</td><td>४४८५५</td></tr>
<tr><td>६७३।२०७९।३।२४</td><td>दर्सना स्टोर्स</td><td>कार्यालय सामान खरिद</td><td>९७२००</td></tr>
<tr><td>४०३।२०७८।१२।४</td><td>सगरमाथा सप्लायर्स</td><td>कार्यालय सामान खरिद</td><td>२२१०४</td></tr>
</table>
</td><td>२९४,१८४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४२३।२०७८।१२।१८</td><td>शुभ डिजिटल टेक्निकल सेन्टर</td><td>कार्यालय सामान खरिद</td><td>२६१५५</td></tr>
<tr><td>४२९।२०७८।१२।२१</td><td>अरनिको इन्जिनियरिङ</td><td>मर्मत</td><td>७३१००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९४१८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
पारिश्रमिक कर<br>
आयकर ऐन २०५८ को दफा ८७ मा पारीश्रमिक आयमा लाग्ने पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ।निम्न कर्मचरीहरुको पारिश्रमिक कर कट्टि गर्न छुट भएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पद</th><th>नाम</th><th>वार्षिक आय</th><th>करयोग्य आय</th><th>कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>सुचना प्रविधि अधिकृत</td><td>हुतराज वास्तोला</td><td>५०८८७०</td><td>३८८७०</td><td>३८८७</td><td></td></tr>
<tr><td>कविराज</td><td>विल्टु राय</td><td>७८३६९७</td><td>१०८५४०</td><td>४८७८</td><td>फागुन देखि असार सम्म</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>८७६५</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.४०४४३।-सम्परीक्षण गरिएको ।)
</td><td>८,७६५</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
मर्मतः<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राखुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. ३३११९१५/, मेशिन औजार मर्मतमा १९३९२०/-र निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार खर्च मा रु५१११९/र गरी जम्मा रु.३५५६९५४ /- खर्च गरेको मा मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको तथा मोटरसाइकल मर्मत गर्दा म ले प फा नं ४१४ र ४१५ आंशिक मात्र राखेको तथा वडा कार्यालय तर्फको मर्मतको पाम्स (PAMS) मा अभिलेख राखेको पाइएन।कानून वमोजिम मर्मत अभिलेख खाता अध्यावधिक गरि प्रतिस्प्रधाको माध्यम वाट मर्मत गर्नु पर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **इन्धन खर्चः**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड तयार नगरी इन्धन( पदाधिकारी) मा रु१६९७९८६ वजेट विनियोजन नगरी इन्धन (कार्यालय प्रयोजन) वाट रु. २३८९५५२/ गरि जम्मा रु ४०८७५३८। इन्धन मा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । लगबुक अध्यावधिक रहेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) बिष्लेशण सहित लग बुक अध्यावधिक गरि इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३९ | | | **फरक खर्च शिर्षकः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु. | १,८२५,६६२ |

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्नै शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|---|
| ६७४।२०७९।३।२४ | विभिन्न १७ विधालय पालिका तथा वडा मा इन्टरनेट जडान वापत भुक्तानी | कार्यक्रमा भए अनुसार | पारीश्रमिक पदाधिकारी | ३६७७४७ |
| २४२।२०७८।१०।५ | विधालहरुमा इन्टरनेट जडान वापत भुक्तानी | कार्यक्रमा भए अनुसार | पारीश्रमिक पदाधिकारी | २२२१८० |
| ३९४।२०७८।१२।१० | विधालहरुमा इन्टरनेट जडान वापत भुक्तानी | कार्यक्रमा भए अनुसार | पारीश्रमिक पदाधिकारी | २१४५१९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६३६।२०७९।३।२०</td><td>विधालहरुमा इन्टरनेट जडान वापत भुक्तानी</td><td>कार्यक्रमा भए अनुसार</td><td>पारीश्रमिक पदाधिकारी</td><td>७३६२५१</td></tr>
<tr><td>५७४।२०७९।३।२</td><td>पुस्तक खरिद वापत भुक्तानी</td><td>पुस्तक तथा सामाग्रि खर्च</td><td>विविध</td><td>४९६५</td></tr>
<tr><td>६२४।२०७९।३।१९</td><td>विविध खर्च भुक्तानी</td><td>विविध</td><td>विमा तथा नविकरण</td><td>४७०००</td></tr>
<tr><td>६९३।२०७९।३।२५</td><td>सुचना प्रकाशन तथा प्रसारण खर्च</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>कर्मचारी प्रोत्साहन तथा पुरस्कार</td><td>८००००</td></tr>
<tr><td>६५८।२०७९।३।२३</td><td>खरिद समिति वैठक भत्ता भुक्तानी</td><td>कर्मचारी वैठक भत्ता</td><td>पदाधिकारी वैठक भत्ता</td><td>१५३०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१८२५६६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
वढि ग्रेड तथा पोषाक खर्चः<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले तलवि प्रतिवेदन पारित नगरी निम्न वमोजिमको वढी भुक्तानी गरेको मा भुक्तानी दिन मिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><td>भौ नं र मिति</td><td>विवरण</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td></td><td>कविराज विल्टु राय लाइ मासिक ग्रेड भुक्तानी गर्दा रु १२६७ को दरले भुक्तानी गर्नुपर्नेमा रु१३५० को दरले भुक्तानी गरेकोले श्रावण देखि असार महिना सम्मको २५ ग्रेडको वढि भुक्तानी भएको</td><td>२०७५</td><td></td></tr>
<tr><td>१३०।२०७९।३।१७</td><td>अध्ययन विदामा रहेका मे अ अभिशेक सुमन लाइ पोसाक खर्च</td><td>१५०००</td><td>भुक्तानी दिन मिल्ने प्रमाण</td></tr>
</table>
</td><td>३२,०७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भुक्तानी</td><td></td><td>नराखेको</td></tr>
<tr><td>१३०।२०७९।३।१७</td><td>अध्ययन विदामा रहेका ज स्वा अ केशव वास्तोला लाइ पोसाक खर्च भुक्तानी</td><td>१५०००</td><td>भुक्तानी दिन मिल्ने प्रमाण नराखेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३२०७५</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.४०६७।-सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
कर्मचारी बढुवाः<br>
नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरी दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय स्वाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ ।संविधानको व्यवस्था बमोजिम गाउँ पालिका तथा नगरपालिकाका कर्मचारी सम्बन्धी प्रदेश कानून हाल सम्म निर्माण भई लागु भएको छैन् ।पालिकाले मिति २०७५ वैसाख ३१ गते गाउँपालिका स्थानीय सेवा ऐन २०७५ गाउँ सभावाट स्विकृत गरि सो आधारमा निम्न कर्मचारी हरुलाइ मिति २०७८।४।१ देखि माथिल्लो पदमा बढुवा गरी तलब भत्ता भुक्तानी गरेको छ। संविधान तथा निजामति सेवा ऐन को व्यवस्था भन्दा फरक गरी पालिकाले ऐन जारि गरेको आधारमा वढुवा गरी वढि दरबाट तलव भत्ता भुक्तानि गरेको अनियमित रु३९६९६
<table>
<tr><td>नाम</td><td>बढुवा नियुक्ति मिति</td><td>साविकको तलव भत्ता</td><td>हालको तलव भत्ता</td><td>फरक</td></tr>
<tr><td>यूवराज पोखरेल</td><td>२०७८।४।१</td><td>५७७४५२</td><td>५९००७६</td><td>१२६२४</td></tr>
<tr><td>भोज नारायण राजभण्डारी</td><td>२०७८।४।१</td><td>५४७०५६</td><td>५७४१२८</td><td>२७०७२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३९६९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>वढि दरमा भ्रमण खर्चः</td><td>७२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण खर्च नियमावली २०६४ मा तोकिएको दरमा भुक्तानी गर्नु पर्नेमा निम्न कर्मचारीहरुलाइ वढि दरमा भुक्तानी भएकोले वढि भुक्तानी भएको असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न र मिति</th><th>पद</th><th>नाम</th><th>भ्रमण स्थान</th><th>भ्रमण दिन</th><th>भुक्तानी दर</th><th>भुक्तानी हुनुपर्ने दर</th><th>वढि भुक्तानी रकम</th></tr>
<tr><td>६९३।२०७९।३।२५</td><td>वडाध्यक्ष</td><td>राजन कुमार राइ</td><td>काठमाण्डौ</td><td>६</td><td>१३२०</td><td>१२००</td><td>७२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>७४४०</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.६७२०।-सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>फरक खर्च शिर्षक बाट भ्रमण खर्चः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७)मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ।पालिकाले बिभिन्न कर्मचारीहरुलाइ भ्रमण खर्च रु ६६१००० भुक्तानी गर्दा असम्बन्धित खर्च शिर्षक पदाधिकारी वैठक भत्ता बाट रु २६१००० मेशिन औजार मर्मत बाट रु ५०००० पारिश्रमिक पदाधिकारी बाट रु २५०००० र सरसफाइ सेवा शुल्क वाट रु १००००० गरी जम्मा रु ६६१००० खर्च लेखेको पाइयो।फरक खर्च शिर्षक बाट भुक्तानी गरेको अनियमित रु.</td><td>६६१,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>भ्रमण खर्चः<br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष भम्रण खर्चमा रु. ४३६४७५१/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन ।भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी निययमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४ शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु १९१४८९६।तलब भत्ता भुक्तानी गरेको पाइयो।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>खर्चको पुष्टयाइः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।निम्न बमोजिम खर्चको भुक्तानी गरेकोमा श्रेस्तासाथ खर्च पुष्टि गर्ने प्रमाण राखेको नपाइएको अनयमित रु
<table>
<tr><th>भौ नं र मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>६४७।२०७९।३।२२</td><td>कार्यालय सामाग्रि खरिद</td><td>२४२५०</td><td>खरिद आदेश र जिन्सिदाखिला नभएको ,</td></tr>
<tr><td>६४८।२०७९।३।२२</td><td>कार्यालय सामाग्रि खरिद</td><td>१६९६३</td><td>खरिद आदेश र जिन्सिदाखिला नभएको ,</td></tr>
<tr><td>४०२।२०७८।१२।१४</td><td>मसलन्द सामाग्रि खरिद</td><td>१३२२०</td><td>खरिद आदेश र जिन्सिदाखिला नभएको ,</td></tr>
<tr><td>६८५।२०७९।३।२५</td><td>भैरव कन्सट्रकसन प्रा लि लाइमर्मत खर्च भुक्तानी</td><td>१९०००</td><td>सम्वन्धित ले वुझेको भरपाइ नभएको मर्मत अभिलेख नभएको</td></tr>
<tr><td>६४५।२०७९।३।२३</td><td>कार्यालय सामाग्रि खरिद</td><td>१२११०</td><td>जिन्सि दाखिला नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८५५४३</td><td></td></tr>
</table></td><td>८५,५४३</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>विद्यालय निकाशा स्थिती</td><td></td></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>रकमान्तर र कार्यक्रम संसोधन वेगर खर्च :- वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकम खर्च गर्दा स्वीकृत कार्यविधि र तोकिएको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शिक्षा शर्शत तर्फ प्राप्त वाट कार्यक्रम संचालमा प्राप्त गरेको विभिन्न क्रियाकलापको रकम मध्ये ३</td><td>२,७६३,१११</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कृयाकलापको रु.२७,६३,१११।- लाई कार्यक्रम संसोधनको स्वीकृती प्राप्त नगरी सम्वन्धित कृयाकलाप खर्च जनाई माध्यमिक तह र आधारभूत तहका शिक्षकको तलबभत्ता (चालु) भुक्तानी गर्ने कार्यमा खर्च गरेकोले खर्च अनियमित देखिएको रु.२७,६३,१११।-</td><td></td></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>शिक्षा तलब भत्ता :- शिक्षक लेखनाथ पराजुली २०७८।११।४ वाट राजीनामा दिई सेवावाट अवकाश भएकोमा शिक्षकको चौमासिक निकासा गर्दा भगवती आ.वि.मा रु.४८९२५।८० मात्र निकासा गर्नु पर्नेमा रु.७२७१९- निकासा दिएकोले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु.</td><td>२३,८७३</td></tr>
<tr><td>४७.३</td><td></td><td></td><td>खरिद सम्झौता कार्यान्वयन<br>……….. (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.११६४०८९०।-सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>४७.४</td><td></td><td></td><td>दिवाखाजाः- विद्यालयहरुमा संचालन हुने कार्यक्रमको लागि प्राप्त शर्शत अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८ वोमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त दिवा खाजा कृयाकलापको रकम निम्नानुसारको अवधिमा विद्यालयमा निकासा गरेकोमा उक्त रकमवाट विद्यालयहरुले तोकिएको कार्यमा मात्र खर्च गरेको प्रमाण समावेश गरेको पाइएन । नमूना छनौट गरी परिक्षण गरेकोमा शिद्धद्रेवी आ.वि.नेचा ४ रातामाटाको २०७९ वैशाख महिनामा एकै विद्यार्थीको दोहोरो नाम समावेश गरी खर्चको भर्पाई पेश गरेको पाइयो ।
<table>
<tr><td>भौ.नं.मिति</td><td>निकासा रकम</td></tr>
<tr><td>३३।२०७८।९।२२</td><td>९८४३९०।-</td></tr>
<tr><td>१८९।२०७९।३।२४</td><td>४७६५००।-</td></tr>
<tr><td>८५।२०७९।२।१३</td><td>११८३३८०।-</td></tr>
<tr><td>जम्मा</td><td>२६,४४,२७०।-</td></tr>
</table>
उपरोक्तानुसारको रकमको खर्च फाटवारीमा विद्यार्थि संख्या र हाजिरी मात्र पेश गर्ने गरेकोले विद्यालयमा निकासा दिएको अवधी अनुसारको निकासा रकमवाट सम्वन्धित विद्यालयहरुले दिवा खाजा कार्यक्रम संचालन गरी खर्च गरेको पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.२६,४४,२७०।-</td><td>३,३००,६४८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निशुल्क पाठ्य पुस्तक :- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ वमोजिम विद्यालयमा नयाँ भर्ना भई तोकिएको तहमा अध्ययन गर्ने विद्यार्थिलाई तोकिएको दरवाट पाठ्यपुस्तकको रकम भुक्तानी गर्दा ७५ प्रतिशत रकम परिक्षामा समावेश संख्याको आधारमा निकासा दिने व्यवस्था छ । उक्त रकमवाट पाठ्यपुस्तक खरिदमा रकम नपुग भएका थप २५ प्रतिशत रकम समेत निकासा दिन र नयाँ शैक्षिक सत्रको EMIS Data तयार भएपछि कार्यालयले विद्यार्थी संख्या र पुस्तकको दर समेतको सत्यापन गरी थप रकम खर्च यकिन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भौ.नं. ८५।२०७९।२।१२ वाट ७५ प्रतिशतले हुने रु.१२,७४,१७६।- निकासा दिएकोमा थप पाठ्य पुस्तक रकमवापत रु.३९५८९१।- समेत सो अवधी पछि निकासा गरेकोले कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम नयाँ शैक्षिक सत्रको EMIS Data लिई विद्यार्थिको सत्यापन गरेको प्रमाण पेश हुनुपर्ने रु.३९५८९१।-<br>ईन्टरनेट शुल्क :- विद्यालयहरुमा इन्टरनेट शुल्क भुक्तानीको लागि शिक्षा शर्शत तर्फको कृयाकलापमा वजेट व्यवस्था भएकोमा कार्यालयले गा.पा. चालुतर्फको रकमवाट भौ.नं. २४२।०७८।१०।५ मा १३ वटा विद्यालय मध्ये ४ वटामा शुल्क भुक्तानी र ९ वटामा जडान र शुल्क सहितको लागि नुम्वुर नेटवर्क प्रा.लि.लाई रु.२६०४८७।- भुक्तानी गरेको पाइयो । उक्त कार्य गर्नु अघि जडान सम्झौता नभएको र शर्शत कार्यक्रमवाट तोकिएको प्रकृया पुरा गरी खर्च गर्नुपर्ने रकम पालिकाको समानीकरण तर्फवाट खर्च गरेको सम्झौता वेगरको भुक्तानी रु.२६०४८७।-</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>फरक प्रकृयाबाट कार्यक्रम खर्च<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकामा यस कार्यक्रमवाट संचालन हुने निर्माण योजनामा स्थानीय तहले निर्माण सामाग्रीमा सहभागिता गर्न सक्ने ज्याला वापतको रकम वेरोजगारको खातामा जम्मा गरिने व्यवस्था छ । विभिन्न वडामा रोजगार कार्यक्रमवाट संचालन हुने ढुंगा सोलिङ कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्दा निर्माण नर्मसमा तोकिएको आधारवाट ज्यामी संख्या र दर तथा सामाग्री खपतको लागि जिल्लादर वाट दररेट विश्लेषण गरी कामको दर एक मुष्ठ तयार गरेको निर्माण सम्वन्धी कार्य गराई सूचिकृत वेरोजगारवाट कामको विल तयार गर्दा लागत अनुमान दरवाटै तयार गरी एकमुष्ठ कायम भएको विल रकमलाई रोजगार कार्यक्रमको वजेट बाट ज्याला र पालिकाको वजेटबाट छुट्याई खर्च जनाएको पाइयो । नमुना छनौट गरी परिक्षण गरेकोमा निम्नानुसार वाडफाड देखियो ।
<table>
<tr><th>योजनाको नाम</th><th>कूल विल रकम</th><th>रोजगार कार्यक्रमवाट</th><th>पालिकाको वजेट वाट</th><th>कैफियत</th></tr>
<tr><td>जिरोप्वाईन्ट- याली सडक</td><td>९३५६२७</td><td>५९२५५१।८०</td><td>३४३०७१</td><td>ल.ई.मा ढुगांको रु. ५७५९०७।-</td></tr>
</table></td><td>१,४४६,५७६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| कालिका मा.वि. वेसीगाँउ | ६९३५६३ | २६५२१९ | ४२८३४३ | |
| थुलुङ सामुदायिक अस्पताल जाने वाटो | ८२५१६३ | ५००००० | ३२५१६३ | ल.ई.मा लेवर तर्फ रु.३००००।- रहेको |
| फुर्के चबुयाङ- रुघा पधेरो | ८४३९०२ | ५९२५५६ | २५०००० | ल.ई.मा लेवर तर्फ रु. २५०,४०२।- रहेको |
| तुइनटार- सिमलको मोड | ३००८८९ | २००००० | १००००० | ल.ई.मा लेवर रु.११३८७४।- |

उपरोक्तानुसारको प्रकृयावाट निर्माण कामको ल.ई. र मुल्यांकन गरी रकम खर्च गर्नाले सूचिकृत वेरोजगारहरुले ढुंगा सोलिङको कार्य गर्दा पहाडी भूभागमा निर्माण स्थलमै प्राप्त ढुंगा प्रयोग गरेको र खरिद गरिएका ढुंगाको परिमाण नछुट्टिएको, पालिकाले कार्यविधि अनुसार सामाग्रीमा मात्र सहभागिता गर्न सक्ने भएता पनि ढुंगा खरिदको विल समावेश नभएको, ज्याला तर्फ समेत सहभागिता जोडिएको, कामको मुल्यांकन र इष्टिमेटमा रहेको ज्याला (लेवर) र सामाग्री घटी वढी गरी रोजगार कार्यक्रम र पालिका तर्फ खर्च लेखाङ्कन गरेको पाइयो । कार्यक्रम संचालनको कार्यविधिमा फरक गरी खरिदको विजक वेगर ढुंगाको रकम भुक्तानी तथा ल.ई. भन्दा घटी/वढी गरी कार्यक्रम तर्फ वढी खर्च गरेको अनियमित भुक्तानी रु.</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>तालिम सम्बन्धी खर्चको नर्मस पालना</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>खर्चको आधार :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य वा मालसामान खरिद गर्नु अघि ऐनको दफा ४ वमोजिमको योजना, नक्सा, डिजायन स्पेसिफिकेशन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्रापत प्रदेश सांसद निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रमको रकमवाट नेपाल रेडक्रस सोसाइटी भवन निर्माण कार्यको लागी रु.१० लाख तथा चेतना विस्तार सार्वजनिक पुस्तकालयमा फर्निचर खरिद कार्यमा रु.१० लाख प्राप्त भएको रकमवाट खर्च गरी भुक्तानी गर्दा रेडक्रस भवन निर्माण कार्य उपभोक्ता समितिमार्फत कार्य गराई रु.९६००००।-समितिलाई भुक्तानी गरेकोमा सो भवनको भुइतला बाट निर्माण गर्ने गरी लागत अनुमान तयार गरी विभिन्न आइटम समावेश गरेकोमा कामको परिमाण यकिन हुने डिजायन नक्सा, साथै चेतना विस्तार पुस्तकालयको फर्निचर खरिदको कार्यमा मालसामानको स्पेसिफिकेशन स्वीकृत नगरी खरिद कार्य जिल्ला वाहिरवाट गरेको २ वटा फर्मको विजक समावेश गरेको तर फर्निचरहरु सम्वन्धित पुस्तकालयमा स्टोर दाखिला गरेको प्रतिवेदन समावेश नभएको समेत देखियो । दुवै</td><td>१,९६०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संस्थाहरुको आ.व.२०७८।७९ को लेखापरीक्षण प्रतिवेदन लिई खर्च सुनिश्चित गर्नुपर्ने रु. | |
| ४९.२ | | | **कार्यविधि पालना :-** प्रदेश समपुरक अनुदान निर्देशिका बमोजिम अनुदानबाट संचालन गरिने योजनामा ठेक्कापट्टावाट कार्य गराउनुपर्ने, स्थानीय तहले ३० प्रतिशत थप लागत सहभागिता गर्नुपर्ने २ ठेक्कापट्टा भै वचत रहेको रकमवाट थप ठेक्का लगाउन नपाइने गरी तोकिएको छ । सार्वजनिक खरिद नियमावलीको नियम ५ क मा सार्वजनिक निकायको प्रमुखले निर्माण खरिद कार्य गर्नु अघि नक्सा डिजान, स्पेसिफिकेशन समेत स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।पालिकाले दोदी खहरे-चर्पु सडक स्तरोन्नतीको कार्य रु.१२३४९७४१।- को लागत अनुमान स्वीकृत गरी ठेक्का आह्यवान गर्दा रु.५६,९३,८४९।७४ मा ठेक्का वन्दोवस्त गरी कार्य चालु गरेकोमा अनुदान रकम वचत देखाई पुन सोही सडकको स्टक्चर र ग्यावियन जालीको मात्र कार्य गर्ने गरी रु.६५०००००।- को थप छुट्टै लागत अनुमान स्वीकृत गरी पुन ठेक्का वन्दोवस्त गरेकोमा सो योजनाको DPR लेखापरीक्षणमा पेश भएन । सडक स्तरोन्नती गर्न पहिलो ठेक्काको लागि लागत अनुमान स्वीकृत गर्दा चेनेज नखुलाएकोमा दश्रो ठेक्काको स्रोत चेनेज नखुलाई स्टकचर र ग्यावियन जालीको कामको लागत अनुमान स्वीकृत गरी ठेक्का आह्यवान गरेको छ । दोश्रो ठेक्कारु.३८७५९९६।- मा खरिद सम्झौता गरी २०७९ आषाढ सम्म रहेको काम पुरा नभएको उल्लेख गरी २०७९ श्रावण मसान्त सम्म म्याद थप गरेको पाइयो । अनुदान निर्देशिका विपरित वचत रकमवाट सडक चेनेज नखुलाई स्टक्चर र ग्यावियन जाली भर्ने कामको ठेक्का वन्दोवस्त गरेकोमा पहिलो रनिङ विल वापतको रु.१३,८३,७५९।- भुक्तानी गर्न नमुना कृषि कार्यक्रमको रु.९०००००।- र मेडिकल अफिसरको तलबमा विनियोजन भएको रु.१४०७५१।- थप गरी रनिङ विल भुक्तानी गरेको तथा काम पुरा नगरी पछिल्लो वर्षलाई दायित्व सारेको कार्य अनियमित देखिएको रु. | १,०४०,७५१ |
| ४९.३ | | | **कार्यविधि पालनाः** वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकमवाट कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । लघुउद्यम कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण वापतको सामान खरिद गर्दा विक्रेताले कवुल गरेको कुल रकमको २० प्रतिशत उद्यमीलाई जम्मा गर्न लगाई वांकी ८० प्रतिशत मात्र कार्यालयले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सिलाई मेशिन खरिद गरी तालिम लिएका सहभागिलाई वितरण गर्न रु.२,२०,९००।- खर्च गरेकोमा उद्यमीवाट २० प्रतिशत रकम जम्मा नगरी पुरै खर्च गरेकोले कार्यविधिको पालना गरेको मान्ने आधार देखिएन रु.२२०९००।— <br>**प्रशिक्षकको पारीश्रमिक :-** वित्तिय हस्तान्तरण कार्यक्रमको तालिम संचालन गर्दा अर्थमन्त्रालयवाट स्वीकृत कार्यक्रम संचालन नर्मसको आधारमा गर्नुपर्ने व्यवस्था छ । लघुउद्यम कार्यक्रमवाट तालिम संचाल गरी खर्च गर्दा लघु उद्यम सहजकर्तालाई पेश्की दिई संचालन गरेकोमा तालिमको लागत अनुमान स्वीकृत नगरेको र पेश्की लिई कार्यक्रम संचालन गर्दा विभिन्न तालिममा प्रशिक्षकहरुलाई प्रशिक्षक भत्ता तथा अन्य वासस्थान समेतको रकम भुक्तानी गरेको पाइयो ।प्रशिक्षकहरुलाई सम्झौता वेगर प्रशिक्षक भत्ता फरक फरक दरवाट भुक्तानी | २९१,२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेकोमा लागत अनुमान स्वीकृत नगराई खर्च गरेको छ ।
<table>
<tr><td>तालिमको नाम</td><td>प्रशिक्षकको भत्ता</td></tr>
<tr><td>अकवरे खोर्सानी अचाल तालिम</td><td>प्रशिक्षक रु.२०,०००।— तथा वास खर्च वापत थप १२ हजार भुक्तानी गरेको छ ।</td></tr>
<tr><td>वेमौसमी तरकारी तालिम</td><td>प्राविधिक भत्ता रु.२०,०००।-</td></tr>
<tr><td>हाउस वायरिङ तालिम</td><td>प्राविधिक भत्ता रु.३०३००।-</td></tr>
<tr><td>जम्मा</td><td>७०३००।-</td></tr>
</table>
तालिम नर्मसको आधारमा प्रशिक्षकहरु संग सम्झौता नगरी फरक फरक दरवाट प्रशिक्षण भत्ता भुक्तानी गरेको अनियमित रु.७०३००।—</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अनुगमन प्रतिवेदनः<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु.४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि मासिक रुपमा अनुगमन भत्ता बुझिलिएको पाइयो। अनूगमन प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>प्रोत्साहन भत्ताः<br>६६५।२०७९।३।२३ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष विभिन्न १५ जना कर्मचारीहरुलाइ १ महिना र २ जना कर्मचारीलाइ २ महिना बरावरको खाइपाइ आएको तलव खर्च जम्मा रु ६६८५७२। प्रोत्साहन भत्तामा खर्च गरेको छ।यस्तो खर्च कानुन द्वारा व्यवस्थित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फस्यौंट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजुदफानं. | वेरुजुरफछैंटकोसंक्षिप्तव्यहोरा | फछ्यौंटकोआधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| | २०७६।७७ | ५६ | हिमालय दाहाल पेश्की फछ्यौंट | | | | ३०००० | ३०००० |
| | २०७६।७७ | ५६ | युवराज शर्मा | | | | ३०००० | ३०००० |
| | | | **जम्मा** | | | | | ६०००० |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **खरिद सम्झौता कार्यान्वयन** :- सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त र सो को उपचार सम्वन्धी व्यस्था छ । कार्यालय र भावना सप्लायर्स विच २०७८।६।१० मा सम्पन्न सम्झौता वमोजिम सम्झौताको ३० दिन भित्र तोकिएको आकार र गुणस्तरीय सामाग्री प्रयोग गरी उत्पादन भएका र स्वीकृत स्पेसिफिकेशन अनुसारका ह्युम पाइपहरु रु.१४०९११०।- मा सप्लाई गर्ने गरी सम्झोता गरेको छ । सप्लायर्सले २०७८।७।२१ मा कर विजक नं. १ बाट रु.१४०९११०।- भुक्तानी माग गर्दा सामानको परिमाण खुलाएको पाइएन । उक्त सप्लायर्सलाई २०७८।६।२० मा कार्यालय प्रमुखले पुर्व निर्धारित क्षतिपुर्ती लिने गरी २० दिन म्याद थप गरेको समेत देखियो । निर्माण व्यवसायीले पेश गरेको विलको भुक्तानी नभएको, ह्युमपाइपहरुको सम्झौताको शर्त अनुसार गुणस्तर परिक्षण नगरेको, कार्यालयले मालसामान प्राप्त गरी २०७९।३।३० सम्म ठेक्काको काम पुरा नभएको स्वीकार नभएको या खरिद सम्बन्धमा पुन छानविन र यकिन गरी सम्झौता वमोजिम कार्य पुरा नभएको ऐनको व्यवस्था वमोजिम प्राप्त हुने उपचार सम्वन्धी कार्य गर्नुपर्दछ । | 1409110.00 |